# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/८/५ गते शुक्रवार देखि २०६६/८/११ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९१ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४९१० कारोबारबाट २७ करोड ६८ लाख ४७ हजार रुपैयाँ बराबरका ५ लाख ६२ हजार कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ३.०० प्रतिशतले वृद्धि भएको हो । गत साता ४५२१ शेयर कारोबारबाट २६ करोड ८७ लाख ९५ हजार रुपैयाँ बराबरका ७ लाख ७७ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र १४ करोड ४७ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५२.३० प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २७.७९ अंकले ह्रास भई अन्तिम दिन ५३४.३२ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५३८.८६ | ४३८.८२ | ३६९.७५ | ६०२.७३ | ८१४.१७ | २६६.०९ | ५९४.५४ | ५९५.०८ | ६२४.३९ | ५६२.११ | १४०.६९ | ५३.५४ |
| दोस्रो | ५१९.५० | ४३८.८२ | ३६९.७५ | ५९८.०३ | ७९७.४७ | २५६.२४ | ५९४.६१ | ५९१.९४ | ६१७.४३ | ५४९.०३ | १३६.३३ | ५२.५६ |
| तेस्रो | ५१३.८३ | ४३८.८२ | ३६९.७५ | ५९८.०३ | ८०४.५९ | २५६.२४ | ५९०.२३ | ५६८.८६ | ६१२.३३ | ५४३.४१ | १३४.२५ | ५२.०३ |
| चौथो | ५११.२१ | ४३८.८२ | ३६९.७५ | ५९९.२१ | ८०४.५९ | २५६.०७ | ५७८.७८ | ५६८.८१ | ६०७.२६ | ५४१.५५ | १३३.९३ | ५१.७३ |
| पाँचौं | ५०२.१९ | ४३८.८२ | ३६९.७५ | ५९५.६९ | ८०४.५९ | २५६.०७ | ५७८.७८ | ५६४.६३ | ५८९.९३ | ५३४.३२ | १३१.५३ | ५०.९६ |
| परिवर्तन | –३६.६७ | ०.०० | ०.०० | –७.०४ | –९.५८ | –१०.०२ | –१५.७६ | –३०.४५ | –३४.४६ | –२७.७९ | –९.१६ | –२.५८ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ९.१६ अंकले ह्रास भई १३१.५३ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ७८ लाख रुपैयाँ) तथा शेयर संख्या (१ लाख ६४ हजार कित्ता) को अधारमा फेवा फाइनान्स र कारोबार संख्या (८१७ वटा) को आधारमा प्राइम कमसिएल बैंक अग्रस्थानमा रहेको छ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | फेवा फाइनान्स | ३७.८७ |
| २ | बैंक अफ काठमाण्डू | २७.९९ |
| ३ | प्राइम कमर्सिल बैंक | २३.४९ |
| ४ | नेपाल एसविआइ बैंक | १६.९८ |
| ५ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | १३.७९ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | सगरमाथा मर्चेन्ट फाइनान्स | हकप्रद | ७५०००० कित्ता |
| २ | प्रिमियर फाइनान्स | हकप्रंद | ४१९०९८ कित्ता |
| ३ | एक्सेल डेभलपमेन्ट बैंक | हकप्रद | ६००००० कित्ता |